बैठक संख्याः ५८

आज मिति २०८२/११/११ गते, सोमबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ५८ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| | कार्यपालिका सदस्यहरू | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धब कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण प्राण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेब विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |
| | सहयोगी कर्मचारी | | |
| १. | जनक प्रसाद ढुंगाना, अधिकृतस्तर सातौं | प्रशासन शाखा प्रमुख | |

निर्णय नं.९२६

निजी जग्गा व्यवस्थापन गर्दा निस्कने ढुङ्गा गिटी तथा माटो प्रयोग सम्बन्धमा निजी जग्गा व्यवस्थापन गर्दा उत्खनन हुने ढुङ्गा, गिटी, वालुवा, माटो संकलन तथा ढुवानी व्यवस्थापन सम्वन्धि कार्यविधि २०८० दफा ५ को उपदफा ४ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) गर्नु पर्ने व्यवस्था भए अनुसार नगर प्रमुखज्यूबाट मिति २०८२/१०/१५ गते स्वीकृत भएको कार्यसूची (Term of Reference) अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) अध्ययन सम्पन्न गरी प्रतिवेदन प्राप्त भए पश्चात प्रस्तावित आयोजनाको मिति २०८२/१०/२९ स्थलगत अनुगमन समेत भई प्रतिवेदन प्राप्त भई सकेकोले प्रतिवेदनमा प्राप्त सिफारिस कार्यान्वयन गर्ने गरी निजी जग्गा व्यवस्थापन गर्दा उत्खनन हुने ढुङ्गा, गिटी, वालुवा, माटो संकलन तथा ढुवानी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८० को दफा ७ को उप दफा (२) अनुसार तपसिल अनुसारको प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको तपसिल अनुसार परिमाणमा कोशी प्रदेशको आर्थिक ऐन २०८२ को दफा ७ को उपदफा (१) अनुसूची-६ अनुसार संकलन शुल्क/दस्तुर अग्रिम दाखिला गरे पछि मात्र ढुवानी गर्न प्रारम्भकि प्रतिवेदनमा उल्लेख भएको गहिराई सम्म सम्याउदा I.E.E. मा उल्लेख भएको परिमाण भन्दा निस्किएमा वढी भएको परिमाणको कर विजकको आधारमा राजश्व जम्मा गर्ने गरी स्वीकृत गर्ने।

तपसिल

| सि.न. | प्रस्तावक | परामर्शदाता | आयोजनाको नाम | आयोजना कार्यान्वयन गर्न स्वीकृत क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १. | खड्का दाजुभाई कन्स्ट्रकसन प्रा.लि. | श्री प्रोडेस्क ईन्जिनियरिङ्ग प्रा.लि. नयावस्ति काठमाण्डौ | उदयपुर जिल्ला, त्रियुगा नगरपालिका वडा न. ११ केदारनाथ खतिवडाको निजी जग्गा (खेत) सम्याउदा उत्खनन् तथा संकलन हुने ढुङ्गाको प्रारम्भिक वातावरणीय परीक्षण | त्रियुगा नगरपालिका वडा न. ११ केदारनाथ खतिवडाको कि.न. २९९ क्षेत्रफल ०-३-०, कि.न. ४११ क्षेत्रफल ०-२-०, कि.न.७३२ क्षेत्रफल ०-१-१० गरी कुल ६ कठ्ठा १० धुर | १.५ मि. गहिराइमा उत्खनन् गर्दा संकलन हुने ढुङ्गा माटोको परिमाण १९९१ घ.मि. मात्र तर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा वढि भएमा वढी भएको परिमाणको शुल्क दस्तुर कर विजकको आधारमा वुझाउनु पर्नेछ। |

कार्यपालिकाको मिति २०८२/११/११ गतेको बैठकको निर्णय प्रमाणित।

२०८२/११/११

निर्णय नं. ९२७

कोशी प्रदेश सरकायर भौतिक पूर्वाधार विकास मन्त्रालय पूर्वाधार विकास कार्यालय,उदयपुरको प.स.२०८२/०८३, च.न.६३४ मितिः-२०८२/१०/२५ को पत्र, रेग्मी निर्माण सेवा र Y.S.S./ Regmi J.V.त्रियुगा नगरपालिका ११ ले यस कार्यालयमा दिनु भएको निवेदन अनुसार प्रदेश सरकारको वहुवर्षिय योजनाको लागि आवश्यक पर्ने निर्माण सामाग्री प्रशोधन गर्न त्रि.न.पा. वडा न.७ रौताहा त्रियुगा स्याण्ड प्रोसेसिङ्ग प्लाण्टको जग्गामा संचालन गर्न सहजिकरण गरीदिन निवेदन दिएको सम्बन्धमा स्थलगत अनुगमन गरी प्रचलित कानूनी व्यवस्था तथा कसर संचालन गर्ने प्राविधिक अवस्था सहितको राय सुझाव प्रतिवेदन पेश गर्न तपशिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

१. महेश्वरी राई नगर उप प्रमुख- संयोजक
२. अम्वर वहादुर दनुवार वडाध्यक्ष- सदस्य
३. पूर्वाधार विकास शाखा प्रमुख ईन्जिनियर- सदस्य
४. पूर्वाधार विकास शाखा सर्वेक्षक- सदस्य
५. वडा कार्यालयको प्राविधिक- सदस्य
६. वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख- सदस्य
७. राजश्व शाखा प्रमुख- सदस्य सचिव

०८२।११।११

कार्यपालिकाको मिति २०८२/११/११ गतेको बैठकको निर्णय प्रमाणित।

CS CamScanner